# सुनवर्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

डाईनियाँ, मोरङ

१ नं प्रदेश, नेपाल

प.सं. २०७७/०७८

चलानी नं. ९९३०

मिति :– २०७७/१०/२१

विषय :- स्थानान्तरण/सरुवाका लागि निवेदन गर्ने बारे सूचना।

श्री «विद्यालयको_नाम»

«ठेगाना»

प्रस्तुत विषयमा सुनवर्षी नगरपालिका, नगर शिक्षा समितिको मिति २०७७/०९/१० गतेको शिक्षक दरबन्दी मिलान/पुनर्वितरण सम्बन्धी बैठक निर्णय अनुसार केही विद्यालयको दरबन्दी/राहत कोटा थपघट हुन गएको तथा कक्षा ८ सम्म सञ्चालित आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरूमा देखिएको विषयगत शिक्षकको अभाव न्यूनीकरणका लागि प्राथमिक वा निम्न माध्यमिक शिक्षक पदमा नियुक्त भएका तर माथिल्लो तहसम्म अध्यापन गर्न शैक्षिक योग्यता भएका शिक्षकहरूबाट समेत सेवा लिई पठनपाठन कार्यलाई यथासम्भव प्रभावकारी बनाउने उद्देश्यले शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को आधारमा शिक्षक स्थानान्तरण/सरुवा गरिने भएकोले निम्नानुसारका ईच्छुक शिक्षकहरूले मिति २०७७/११/०५ गतेभित्र निवेदन पेश गर्नका लागि सूचित गरिएको व्यहोरा अनुरोध छ।

क) दरबन्दी/राहत कोटा कटेका कारण स्थानान्तरण/सरुवा भई जानुपर्ने सम्भावित शिक्षकहरू।

ख) आफू कार्यरत तहकोभन्दा माथिल्लो तहको कक्षा अध्यापनका लागि शैक्षिक योग्यता भएका शिक्षकहरू।

ग) आधारभूत तह कक्षा-८ सम्म वा माध्यमिक तहसम्म संचालित विद्यालयमा तोकिएको दरबन्दीबाट विषयगत शिक्षक पूर्ण नहुँदा माथिल्लो कक्षामा शिक्षण गर्न शैक्षिक योग्यता नभएका शिक्षकहरू।

घ) आफ्नो स्वेच्छाले अन्य विद्यालयमा सरुवा भई जान चाहने शिक्षकहरू।

२०७७/१०/२१

रुद्रप्रसाद दुलाल

उपसचिव

रुद्र प्रसाद दुलाल
(नगर शिक्षा अधिकारी)
उपसचिव, अधिकृत दशौं

OC